# रूपन्देही क्याम्पस जर्नल

## Rupandehi Campus Journal

१

रूपन्देही क्याम्पस

सिद्धार्थनगर, रूपन्देही

**Rupandehi Campus**

Siddharthanagar, Rupandehi

विषयसूची


नेपालको भाषिक अवस्था — प्रा. कपिलदेव लामिछाने / १

Lumbini-The Fountain of World Peace — Prof. Gitu Giri / १८

A Study on Effectiveness of Teachers Professional Development Training — Motilal Subedi, Balmukunda Upadhayay/ २४

संस्कृत व्याकरण : परम्परा र उपलब्धि — शालिकराम पौडयाल/३३

छाउपडी उपन्यासको समाजशास्त्रीय अध्ययन — पवित्रा कोइराला/ ४२

Creative and Critical Thinking in Language Classrooms — Yub Raj Panthi / ४८

# संस्कृत व्याकरण : परम्परा र उपलब्धि

शालिकराम पौड्याल

*[संस्कृत व्याकरण परम्पराका अत्यन्त समृद्ध छ । यस क्रममा यहाँ संस्कृत व्याकरण परम्परालाई मूलतः वैदिक संस्कृत र लौकिक संस्कृत युगमा विभाजन गरी त्यस परम्परामा देखापरेका प्रमुख वैयाकरण र सम्प्रदायको सङ्क्षेपमा चिनारी दिई तिनका उपलब्धि र विशेषताहरूका बारेमा चर्चा गरिएको छ । प्रस्तुत लेखमा सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय विधि र सामग्रीको विश्लेषणका क्रममा वर्णनात्मक विधिको प्रयोग गरिएको छ । खास गरी संस्कृत व्याकरण परम्पराको वैदिक र लौकिक परम्पराको अध्ययन गर्नु यसको उद्देश्य हो ।]*

## १. विषय प्रवेश

युरोपीय वाङ्मयको जननी ग्रिक भाषा भएजस्तै पूर्वीय वाङ्मयको मूल स्रोत वेद हो । युरोपका प्रसिद्ध भाषावैज्ञानिकहरू भाषाविज्ञानको अध्ययन एवम् विश्लेषणका क्रममा संस्कृत भाषालाई नै भाषाविज्ञानको आदि स्रोत मान्दछन् । वैदिक एवम् लौकिक संस्कृतका मनिषीहरूले भाषाका विभिन्न अवयव, शब्दको व्युत्पत्ति तथा विकास, ध्वनिविज्ञान, वाक्यविज्ञान, तुलनात्मक भाषाविज्ञान तथा व्याकरणको गहन अध्ययन एवम् विश्लेषण गरेका छन् ।

पूर्वीय परम्परामा भाषिक चिन्तनको प्रारम्भ वैदिक युगदेखि नै सुरु भएको मानिन्छ। तसर्थ संस्कृत व्याकरण परम्परालाई वैदिक संस्कृत युग र लौकिक संस्कृत युग गरी दुई खण्डमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ।

## २. वैदिक संस्कृत युगमा भाषिक चिन्तन

वैदिक संस्कृत युगको समय इ.पू. १५०० देखि इ.पू. ८०० सम्मको समयलाई मानिन्छ। वैदिक संहिताहरू, आरण्यक, उपनिषद्, ब्राह्मण ग्रन्थहरूमा गम्भीर रूपमा भाषाबारे चिन्तन मनन भएको पाइन्छ । पूर्वमा भाषाका सम्बन्धमा भएका चिन्तन र अध्ययनको आरम्भिक बीज वेदमा पाइन्छ । आर्यहरूको सर्वप्राचीन वाङ्मय ग्रन्थ ऋग्वेदमा नै भाषाका बारेमा गहकिलो चिन्तन पाइन्छ। ऋग्वेदको समय इ.पू. ४००० वर्षसम्म मानिएकाले त्यो समयदेखि नै पूर्वीय जगत्मा व्याकरण परम्परा स्थापित भएको हो।

संस्कृतको भाषिक चिन्तन इ.पू. १५०० तिरबाट विकसित भएको देखिन्छ। प्राचीन ऋषिहरूले सबै शास्त्रीय चिन्तनको केन्द्र वेदलाई मानेका छन् । वेदको अध्ययनका लागि ६ वटा अङ्गहरू शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्योतिष बताइएका छन् । यी मध्ये शिक्षा, व्याकरण, निरुक्त र छन्दमा भाषाका बारेमा चिन्तन गरिएको छ। शिक्षामा ध्वनिका बारेमा चर्चा गरिएको छ। यसमा स्वर तथा व्यञ्जनको उच्चारणको विवेचना गरिएको छ । साथै ध्वनिको स्थान, करण तथा प्रयत्नका आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । व्याकरणमा पद तथा वाक्यका बारेमा, निरुक्तमा शब्दव्युत्पत्तिका बारेमा तथा छन्दमा वैदिक मन्त्रको सम्यक् उच्चारणका सम्बन्धमा चर्चा गरिएको छ। अहिले पनि वेदका मन्त्र पढ्दा देवता, ऋषि र छन्दको नाम लिएर मात्र पढिन्छ।

वैदिक संस्कृतअन्तर्गत ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेदजस्ता चारवेदहरू र वेदका आधिकारिक ग्रन्थका रूपमा रहेका ब्राह्मण ग्रन्थहरू र वेदका आधारमा तत्त्वज्ञानका व्याख्या गरिएका उपनिषद् ग्रन्थ पर्दछन् । सर्वप्राचीन ग्रन्थ ऋग्वेदमा 'वाक्' शब्दको प्रयोग विभिन्न अर्थमा गरेको पाइन्छ। वेदको भाषालाई दैवीवाक्

भनिएको छ भने लौकिक संस्कृतलाई ऋग्वेदमा यस्तो भनिएको छ-

चत्वारि वाक परिमिता पदानि तानि विद्रुर्ब्राम्हणा ये मनिषिणः
गुहा त्रीणि निहिता नेङ्गयन्ति तुरीयं वाचो मनुष्याः वदन्ति ॥

यस श्लोकको अर्थ गर्ने विद्वान्हरूले चत्वारि 'वाक्'का विभिन्न अर्थ लगाएका छन्। निरुक्तकारले 'ॐ, भूः, भुवः र स्वः' भनेका छन्। पतञ्जलिले नाम, आख्यात (क्रिया र विशेषण), उपसर्ग र निपातलाई चत्वारि वाक् भनेका छन्। भर्तृहरि, नागेश, गौडपाद र सायणजस्ता विद्वान्हरूले चार वाणीमा (चत्वारि वाक्) परा, पश्यन्ती, मध्यमा र वैखरीलाई लिएका छन् (बन्धु, २०५७:१२)।

वैदिक संहिताको व्याख्या गर्ने क्रममा विभिन्न प्रातिशाख्य र शिक्षाग्रन्थहरूको रचना भएका छन्। वैदिक शब्दको व्युत्पत्तिको प्रथम प्रयास ब्राह्मण ग्रन्थमा गरिएको छ। वैदिक शब्द कुनै न कुनै क्रिया या धातुबाट बनेको हुन्छ भन्ने कुरा यस ग्रन्थमा उल्लेख गरिएको छ। शब्दरचनाको शास्त्रीय पद्धतिको आरम्भ ब्राह्मण कालका विद्वान्हरूबाट भएको हो। तुलनात्मक भाषाविज्ञानको बीज ब्राह्मण ग्रन्थमा पाइन्छ। ब्राह्मण ग्रन्थको भेद गोपथ ब्राह्मणमा धातु, प्रातिपादिक, आख्यात, लिङ्ग, वचन, विभक्ति, प्रत्यय, स्वर, उपसर्ग, निपात, व्याकरण, मात्रा, वर्ण, अक्षर, पद आदि पारिभाषिक शब्दको प्रयोग भएको छ (द्विवेदी, २००६:४५०)।

वेदका विभिन्न शाखासँग सम्बद्ध प्रातिशाख्य वैदिक कालका सैद्धान्तिक एवम् प्रायोगिक ध्वनिविज्ञानको ग्रन्थ हो। यसमा शिक्षा ग्रन्थमा प्रतिपादित ध्वनि विज्ञानको ग्रन्थ हो। यसमा शिक्षा ग्रन्थमा प्रतिपादित ध्वनि विज्ञानको विवेचना गरिएको छ। व्याकरणको प्रारम्भिक रूप प्रस्तुत गरेको प्रातिशाख्य प्राचीन व्याकरण ग्रन्थ मानिन्छ।

प्रतिशाख्यमा निम्न कार्यहरू भएका छन् : वैदिक संहिताको परम्परागत उच्चारण सुरक्षित राख्दै स्वराघात, मात्रा र उच्चारणसम्बन्धी नियमको अध्ययन गरिएको छ। संस्कृत ध्वनिहरूको वर्गीकरण गरिएको छ, जुन वर्गीकरण अहिलेसम्म पनि मानिँदै आएको छ। पदलाई नाम, आख्यात, उपसर्ग र निपात गरी चार वर्गमा बाँडिएको छ।

निघण्टु वैदिक वाङ्मयको प्राचीन कोश हो। यसमा पाँच अध्यायहरू रहेका छन्। सुरुका तिन अध्यायमा पर्यायवाची शब्द, चौथो अध्यायमा वेदका कठिन र अस्पष्ट शब्द र पाँचौं अध्यायमा देव-वाचक शब्द समावेश गरिएको छ। निघण्टुको रचना महर्षि यास्कद्वारा भएको मानिन्छ।

वैदिक वाङ्मयको कोशका रूपमा रहेको निघण्टुमा सङ्कलित शब्दहरूको व्युत्पत्ति र अर्थ निर्धारण गर्ने शास्त्र निरुक्त हो। यसका रचयिता यास्क (इ.पू. ५००) हुन्। कसैकसैले यास्कलाई इ.पू. ८०० तिरका मानेका छन्। निरुक्त व्युत्पत्ति विज्ञानको आदि ग्रन्थ हो। निघण्टुका प्रत्येक शब्दको व्युत्पत्ति र अर्थको विवेचना निरुक्तमा गरिएको छ। यसमा १२९८ शब्दको व्युत्पत्ति दिइएको छ। जसमा ८४९ प्राचीन ढङ्गका छन् भने २२४ वैज्ञानिक र २२५ अस्पष्ट छन् (तिवारी, २००४:४७८)। निरुक्तमा यास्कले गरेका महत्त्वपूर्ण कार्यहरू निम्न छन्-

(अ) शब्दको व्युत्पत्ति र अर्थ समावेश गरिएको छ।
(आ) भाषाको उत्पत्ति, गठन र विकासबारे विचार गरिएको छ।
(इ) यौगिक र रुढ शब्दको शास्त्रीय ढङ्गबाट विवेचना गरिएको छ।
(ई) पदलाई नाम, आख्यात, उपसर्ग र निपात गरी चार वर्गमा विभाजन गरिएको छ।
(उ) शब्दको अर्थ समावेश गरिएको अर्थविज्ञानको आरम्भ भएको छ।
(ऊ) शब्दको मूल धातु हो र सबै शब्द धातुबाट निर्मित हुन्छन्।

(ए) यास्कले आफ्नो समयमा प्रचलित भाषाअन्तर्गतका विभाषाको विवेचना गरेका छन्।
(ऐ) उपसर्ग र प्रत्ययलाई धातुबाट अलग गरिएको छ।

यसप्रकार यास्कद्वारा रचित निरुक्त व्युत्पत्तिशास्त्र, भाषाविज्ञान तथा अर्थविज्ञानको प्राचीनतम प्रामाणिक ग्रन्थ हो। यास्कले वैदिक मन्त्रका अर्थ अघि स्वतः आभासित हुन्थे भन्दै अर्थ बुझिन छोडेपछि ऋषिहरूले तिनको अर्थ गरेका बताएका छन्। ऋषिहरूबाट अर्थ गर्ने क्रममा यास्कले सबै नामलाई धातुबाट विकसित मानेर 'जो काक्काक् गर्छ त्यो काग', 'जो रमण गर्छ त्यो राम' भन्दै शब्दहरूको व्युत्पत्ति गरे (बन्धु, २०५७:१३)।

## ३. लौकिक संस्कृतमा भाषिक चिन्तन र पाणिनि सम्प्रदाय

संस्कृत भाषा इ.पू. १०००(८०० तिर वैदिक संस्कृतबाट विकसित हुदै लौकिक संस्कृतमा परिवर्तित भएको मानिन्छ। त्यसपछिको भाषिक चिन्तनमा लौकिक संस्कृतलाई व्याकरणका अनुसार आबद्ध गरेर राख्न वैयाकरण पाणिनिको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको छ। यस समयका व्याकरण लेखन परम्पराका उत्कर्ष वैयाकरणका रूपमा पाणिनि देखिन्छन्। पाणिनि पूर्व पनि केही वैयाकरणहरू अस्तित्वमा रहेका जानकारी प्राप्त छ भने पाणिनि युगका पाणिनि, कात्यायन र पतञ्जलि प्रमुख छन्। यिनलाई संस्कृत व्याकरण परम्पराका मुनित्रय भनिन्छ। यो समय त्रिमुनिकालको समय हो। यिनै तिन मुनिलाई मध्यविन्दुमा राखेर लौकिक संस्कृतको भाषिक चिन्तन वा पाणिनि सम्प्रदायलाई तिन चरणमा बाडेर अध्ययन गर्न सकिन्छ :

### ३.१ पूर्व पाणिनि युग

वैदिक संस्कृत युगका चर्चित व्यक्ति यास्क र लौकिक संस्कृत युगका पाणिनिको बिचको समयलाई पूर्व पाणिनि युग भनिन्छ। यसको समय मोटामोटी रूपमा इ.पू ५०० देखि इ.पू. पाचौं शताब्दीको मध्यसम्म (इ.पू. ४५० तिर) मान्न सकिन्छ। यास्क र पाणिनिको बिचको समयमा भाषाका बारेमा पर्याप्त अध्ययन भएको मानिन्छ। यस समयका कुनै व्याकरण ग्रन्थ प्राप्त नभए पनि पाणिनि तथा उत्तरवर्ती व्याकरणकारहरूले आफ्ना ग्रन्थमा विभिन्न सम्प्रदाय रहेको चर्चा गर्दै उनीहरूको मतलाई समेटेका छन्। यसै आधारमा पूर्व पाणिनि युगमा विभिन्न भाषिक सम्प्रदाय अस्तित्वमा रहेका थिए भन्न सकिन्छ। पाणिनि पूर्व आपिशलि तथा काशकृत्स्न, कैयट आदि व्याकरण सम्प्रदाय रहेका पाइन्छन्। पाणिनि पूर्व ५७ वैयाकरणको नाम उल्लेख भए तापनि संस्कृत व्याकरण शास्त्रका इतिहासकार युधिष्ठिर मीमांसकले आफ्नो संस्कृत व्याकरणको इतिहास ग्रन्थमा पाणिनिले उल्लेख गरेका छन्। कतिपय ठाउँमा ९ जना वैयाकरण रहेको उल्लेख गरेको पाइन्छ भने कतै ८३ जना वैयाकरण भएको समेत भेटिन्छ (तिमिल्सिना, २०६७:६)। पाणिनि पूर्वका व्याकरण सम्प्रदायलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

#### (क) ऐन्द्र सम्प्रदाय (इ.पू. ८४४३)

ऐन्द्र सम्प्रदायका प्रवर्तक इन्द्र ऋषि (इ.पू. ८४४३) लाई मानिन्छ। यसलाई पाणिनिले आफ्नो व्याकरणमा उल्लेख नगरे पनि वैयाकरण कात्यायनको सम्बन्ध यस सम्प्रदायसूग रहेको पाइन्छ। पुरानो प्रातिशाख्यका आधारमा निर्मित वर्तमानको प्रातिशाख्य यसै सम्प्रदायद्वारा निर्मित भएको हो भन्ने विद्वान्हरूको मत पाइन्छ। पाणिनिले आफ्नो व्याकरणमा भारद्वाजाय भन्ने सूत्र समावेश गरेका छन्। विद्वान्हरूले यिनै भारद्वाज ऋषिलाई ऐन्द्र सम्प्रदायका प्रवर्तक पनि मानेका छन्। पतञ्जलिले महाभाष्यमा देवताका आचार्य बृहस्पतिले इन्द्रलाई प्रकृति(प्रत्यय नभएको व्याकरण पढाएका थिए। पछि देवताको आग्रहमा इन्द्रले व्याकरणलाई प्रकृति-प्रत्यय निष्पन्न बनाएका हुन् भनिन्छ (तिमिल्सिना, २०६७:७)।

(ख) शाकटायन सम्प्रदाय (इ.पू. २९४३)

पाणिनिको अष्टाध्यायीको तिन सूत्रमा शाकटायनको नाम उल्लेख भएको पाइन्छ। यास्कले पनि उनको नाम उल्लेख गरेका छन्। पतञ्जलिको महाभाष्यमा पनि छ। पतञ्जलिले यिनलाई व्याकरण शास्त्रका प्रवक्ता मानेका छन्। यसबाहेक अन्य थप जानकारी प्राप्त छैन।

(ग) आपिशलि सम्प्रदाय (इ.पू. २८४३)

आपिशलिको समय पाणिनिको पूर्व हो। पाणिनिले आफ्नो व्याकरणमा आपिशलिको नाम उल्लेख गरेका छन्। यिनको एक नियम जयादित्य र वामनको कोशिकामा उल्लेख भएको छ भने कैयटले पनि आफ्नो ग्रन्थमा यिनको नाम उल्लेख गरेका छन्। परवर्ती वैयाकरणहरूले अक्षरको लघुता र गुरुताको व्याख्या गर्दा यिनको मत उल्लेख गरेका छन्। धातु पाठ, गण पाठ, उणादि सूत्र, शिक्षा, कोश, अक्षर तन्त्र जस्ता कृतिका रचनाकार यिनी पूर्वीय भाषाशास्त्रका उपजीव्य ग्रन्थका रचनाकार मानिन्छन्। पाणिनि व्याकरणको उपजीव्य ग्रन्थ आपिशलि व्याकरण हो (तिमिल्सिना, २०६७:१५)। आपिशलिको ग्रन्थ पाणिनि युगसम्म प्रचलनमा रहेको जानकारी भए पनि हाल उपलब्ध छैन।

(घ) शाकल्य सम्प्रदाय (इ.पू. ३९४३)

पाणिनिको अष्टाध्यायीको चार सूत्रमा यिनको नाम उल्लेख भएको छ तर यिनको ग्रन्थ अप्राप्त छ। शौनक र कात्यायनले पनि यिनको नाम उल्लेख गरेका छन्। पतञ्जलिले महाभाष्यमा शाकल्यको मतलाई शाकल नाम दिएका छन् (तिमिल्सिना, २०६७:१८)।

(ङ) काशकृत्स्न सम्प्रदाय (इ.पू. ३०४३)

काशकृत्स्न व्याकरणकारको समय आपिशलिकै समय हो। यिनी व्यासका चेला थिए। पाणिनिको ग्रन्थमा यिनका बारेमा कुनै कुरा उल्लेख नभए पनि कात्यायनको वार्तिकमा पाइन्छ। जयादित्य र वामनको कोशिकामा यिनको व्याकरण ग्रन्थ तिन अध्यायमा विभक्त भएको चर्चा पाइन्छ। महाभारत युद्ध पूर्वको समय यिनको समय हो। वोपदेव, शाकटायन, पतञ्जलि, भट्टभाष्कर, द्वैपायनले यिनको नाम उल्लेख गरेका छन् (तिमिल्सिना, २०६७:११)।

(च) गार्ग्य सम्प्रदाय (इ.पू. ३०४३)

यस सम्प्रदायको उल्लेख पाणिनिको तिन सूत्रमा पाइन्छ। निरुक्तकार यास्कले पनि यिनलाई धातुमूलवादी आचार्यका रूपमा उल्लेख गरेका छन्।

(छ) गालव सम्प्रदाय (इ.पू. ३०४३)

यस सम्प्रदायको चर्चा पाणिनिको व्याकरणका चार सूत्रमा पाइन्छ। यिनी मूलतः ध्वनिविज्ञानीका रूपमा देखा पर्छन्। यिनले एउटा शिक्षा ग्रन्थ पनि बनाएको पाइन्छ। तर प्राप्त छैन। यिनी भरतद्वाजका नाति र गर्गका छोरा हुन्। यिनले संहिता, ब्राह्मण, क्रम पाठ, शिक्षा, निरुक्त, देवत ग्रन्थ, शाकल्य तन्त्र, कामसूत्र ग्रन्थ रचना गरेका थिए (तिमिल्सिना, २०६७: १६)।

(ज) काश्यप सम्प्रदाय (इ.पू. २८४३)

यस सम्प्रदायको उल्लेख पाणिनिको अष्टाध्यायीको तिन सूत्रमा गरिएको छ तर व्याकरण ग्रन्थ प्राप्त छैन।

महाभारत युद्धकालीन भाषाशास्त्री हुन्।

यी विभिन्न सम्प्रदायबाहेक वायु, भरद्वाज, भागुरि, पोष्करसादि, चारायण, वैयाघ्र पद्य, माध्यन्दिनी, रौढि, शौनकि, गोतम, व्याडि, चाक्रवर्यण, भारद्वाज, सेनक, स्फोटवाद, उदीच्या, दक्षिणात्य, प्राच्या आदि सम्प्रदाय समेत अस्तित्वमा रहेका जानकारी पाइन्छ। यसप्रकार पाणिनि पूर्व पनि विभिन्न सम्प्रदायहरू रहेका थिए भन्ने कुरा पाणिनि र उत्तरवर्ती वैयाकरणहरूले आफ्ना ग्रन्थमा यस्ता सम्प्रदायको चर्चा गरेबाट प्रष्ट हुन्छ। पाणिनि र उत्तरवर्ती वैयाकरणका लागि प्रेरणा स्रोत बने पनि पठनपाठनमा कायम नभएकाले लोप भएर गएका हुन् भन्न सकिन्छ।

### ३.२ पाणिनि युग

पाणिनि, कात्यायन र पतञ्जलि मुनित्रयको युगलाई पाणिनि युग भनिन्छ। पाणिनि विश्वकै ठूला वैयाकरण हुन्। संस्कृत भाषाको बारेमा सूक्ष्म अध्ययन गर्ने काम पाणिनिले गरेका छन्। पाणिनिको व्याकरण ग्रन्थ पूर्वीय र पाश्चात्य भाषाशास्त्रीका लागि आदर्श ग्रन्थ बनेको छ। पाणिनिपछि कात्यायन र पतञ्जलि देखापरेका छन्। यिनै तिनजना भाषाशास्त्रीबाट पाणिनि युगको निर्माण भएको छ।

### ३.२.१ पाणिनि

पाणिनिको जीवनीका बारेमा आधिकारिक प्रमाण प्राप्त छैन। यिनका बाबुको नाम पणिन् र आमाको नाम दाक्षी थियो। त्यसैले यिनलाई दाक्षी पुत्र पनि भनिन्छ। पाणिनिलाई शालातुरीय पनि भनेको पाइन्छ। यिनको जन्म शालातुरमा भएको मानिन्छ। यो हालको लाहौरको नजिकमा पर्दछ। पाणिनिको मृत्यु अकालमै भएको थियो र उनलाई सिंहले मारेको हो भन्ने किंवदन्ती पाइन्छ।

वर्ष उपाध्याय आचार्य पाणिनिका गुरु थिए। यिनी पठनपाठनमा कमजोर थिए। पछि हिमालयमा गएर शिवजीको तपस्या गरेर शिवजीबाट चौध सूत्र प्राप्त गरी फर्किए। यिनै सूत्रका आधारमा व्याकरण ग्रन्थको रचना गरेको मानिन्छ। यी सूत्रलाई माहेश्वर-सूत्र भनिन्छ।

चौध सूत्र यस प्रकार छन्- **अइउण्, ऋलृक्, एओङ्, ऐऔच्, हयवरट्, लण्, ञमङणनम्, झभञ्, घढधष्, जबगडदश्, खफछठथचटतव्, कपय्, शषसर्, हल्।**

पाणिनिको समयका बारेमा मतैक्य पाइदैन। यिनको समयका बारेमा मैक्समुलर तथा बेबरले इ.पू. ३५० पछि, गोल्ट स्टुकर र भण्डारकरले इ.पू. ६५०, वासुदेवशरण अग्रवालले इ.पू. ४५० मानेको पाइन्छ। पाणिनिको समय इ.पू. पाँचौं शताब्दीको मध्यतिर नै रहेको धेरै विद्वान्हरूको मत पाइन्छ।

पाणिनिको महत्त्वपूर्ण ग्रन्थ अष्टाध्यायी हो। अष्टाध्यायीमा आठ अध्याय रहेका छन्। प्रत्येक अध्यायमा चार पाउ वा चरण छन् र प्रत्येक चरणमा अनेक सूत्र (३२ सूत्र) छन्। यसमा ३९९५ सूत्रहरू छन् र यी सूत्रहरूले लौकिक संस्कृतका नियमलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन्। पाणिनिको उक्त ग्रन्थ चौध सूत्रमा आधारित छन्। अष्टाध्यायीका आठ अध्यायलाई तिन वर्गमा बाँडिएको छ -

(क) पहिलो र दोस्रो अध्याय : यी अध्यायमा पद र वाक्यको सङ्कलन छ।
(ख) तेस्रो, चौथो र पाचौ : यी अध्यायमा पदको प्रकृति प्रत्ययको वर्गीकरण छ।
(ग) छैठौं, सातौं र आठौं : यी अध्यायमा आगम, आदेश, प्रकृति प्रत्ययबाट शब्दको रचना आदि गरिएको छ।

पाणिनि व्याकरणका मुख्य विशेषताहरू

१. भाषाको भौगोलिक एवम् सामाजिक विस्तारलाई एउटै व्याकरणमा समेट्ने काम गर्ने प्रथम वैयाकरण हुन्।
२. पाणिनिले लगभग ४ हजार सूत्रलाई १४ सूत्रमा सङ्क्षेपीकरण गरेका छन्। यसलाई प्रत्याहारपनि भनिन्छ। प्रत्याहारको अर्थ समेट्नु हो। उदाहरणका लागि 'अच्' भन्नाले अ देखि च सम्मका स्वर वर्ण तथा 'हल्' भन्नाले सबै व्यञ्जन वर्ण बुझिन्छ भने 'अल्' भन्नाले स्वर र व्यञ्जन दुबै बुझिन्छ।
३. ध्वनि परिवर्तनको व्याख्या गरिएको छ। ध्वनि परिवर्तन आगम, लोप र विपर्यय आदि कारणले हुन्छ भन्ने मान्यता यसमा पाइन्छ।
४. ध्वनि-प्रक्रिया, रूपरचना, वाक्यरचना तथा व्याकरणका बारेमा विवेचना गरिएको छ।
५. भाषाका सबै शब्द धातुमा आधारित हुन्छन्। धातुमा उपसर्ग तथा प्रत्यय लागेर शब्दको निर्माण हुन्छ। धातु र प्रत्ययबाट बनेका कृदन्त शब्द र प्रातिपदिक र प्रत्ययबाट बनेका शब्द तद्धित हुन्छन्।
६. भाषाको आरम्भ वाक्यबाट हुन्छ भन्ने मान्यता पाणिनिले सर्वप्रथम दिएका थिए। यो वाक्यविज्ञान हो।
७. यास्कले नाम, आख्यात, उपसर्ग र निपात गरी पदलाई वर्गीकरण गरेका थिए। पाणिनिले पदलाई सुबन्त र तिङन्त गरी दुई भागमा बाँडेका छन्। सुबन्तको सम्बन्ध संज्ञा, सर्वनाम, विशेषण, सङ्ख्यावाचक र अव्ययसँग हुन्छ भने तिङन्तको क्रियासँग रहन्छ।
८. ध्वनिलाई स्थान र प्रयत्नका आधारमा वैज्ञानिक वर्गीकरण गरिएको छ।
९. कृत् तथा तद्धित प्रक्रिया आदिमा प्रत्येक प्रत्ययको अर्थ दिएर अर्थविज्ञानको आधार तयार गरेका छन्।
१०. वैदिक र लौकिक संस्कृतको तुलनात्मक अध्ययन गरी तुलनात्मक भाषाविज्ञानको वैज्ञानिक आधार प्रस्तुत गरेका छन्।
११. समास तथा कारक प्रक्रियाका मूल आधार वाक्यविज्ञान तथा अर्थविज्ञान हो। एउटै शब्दले समासको भिन्नताले भिन्न भिन्न अर्थ दिन सक्छ। जस्तैः

    कर्तव्यमा निष्ठ→ कर्तव्यनिष्ठ (तत्पुरुष समास)
    कर्तव्यमा निष्ठ छ जो → कर्तव्यनिष्ठ (बहुब्रीही)

    यी दुबैको अर्थमा भिन्नता पाइन्छ। त्यस्तै विभक्तिको प्रयोगले वाक्यमा कुन पदको प्रधानता छ भन्ने कुरा स्पष्ट हुन्छ।
१२. प्रस्तुतीकरणमा वैज्ञानिकता पाइन्छ।
१३. मितव्ययिता, सङ्क्षिप्तता र सूत्रात्मकता पाइन्छ।

अष्टाध्यायी बाहेक पाणिनिका अन्य ग्रन्थहरू निम्न छन्-

धातु पाठ : यस ग्रन्थमा अर्थ बुझ्न सरल होस् भनी धातुको गणना गरी तिनको अर्थ दिइएको छ।

गण पाठ : यसमा एउटै नियमअन्तर्गतका शब्दलाई एउटै समूहमा राखिएको छ।

उणादि पाठ : यसमा ७५० सूत्र छन्। यसमा धातुसूग जोडिने प्रत्ययलाई कृत् प्रत्यय भनिएको छ।

लिङ्गानुशासन : यसमा संस्कृतमा तिन लिङ्ग पुलिङ्ग, स्त्रीलिङ्ग र नपुसङ्क लिङ्ग हुने बताइएको छ।

३.२.२ कात्यायन

पाणिनिपछि व्याकरण क्षेत्रमा कात्यायनको प्रमुख स्थान रहेको छ। यिनको समय ५००-३५० इ.पू. को

बिचतिर मानिन्छ। यिनी महाराष्ट्र क्षेत्रका विद्वान् हुन्। कात्यायनले पाणिनिको अष्टाध्यायी ग्रन्थमा आधारित रहेर 'वार्तिक' ग्रन्थको रचना गरेका हुन्। अष्टाध्यायीका सूत्रका आवश्यक संसोधन, परिवर्तन र परिवर्धनका निम्ति कात्यायनले जुन नियम बनाएका थिए त्यही नै वार्तिक ग्रन्थ हो। कात्यायनले अष्टाध्यायीको १५०० स्थानमा दोष देखाउँदै त्यसलाई सुधार गर्ने काम वार्तिकमा गरेका छन्। वार्तिकको लक्षण छ:

उक्तानुक्तदुरुक्तानां चिन्ता यत्र प्रवर्तते ।
तं ग्रन्थ वार्तिकं प्राहुर्वार्तिकज्ञाः मनीषिणः ॥

अर्थात् उक्तको अर्थ वर्णित नियमको अपवाद नियमको वर्णन, अनुक्तको अर्थ छुटेका नियमको उल्लेख, दुरुक्तको अर्थ गल्तीको सुधार हो। यसरी कात्यायनले वार्तिक ग्रन्थमा पाणिनिको सूत्रमा छुटेका नियमको उल्लेख गरेका छन् भने अपवाद नियमको वर्णन गर्दै भएका गल्तीमा सुधार गरेका छन्।

पाणिनिभन्दा पछि कात्यायनको समयसम्ममा संस्कृत भाषामा केही अन्तर आएको पाइन्छ। यही अन्तरलाई वार्तिकमा नियमबद्ध गरिएको छ। कात्यायनले पाणिनिका पारिभाषिक शब्दलाई अधिकतम् प्रयोग गरेका छन् भने कतै-कतै नयाँ शब्द पनि राखेका छन्। कात्यायनले स्वर (अच्), व्यञ्जन (हल्), समानाक्षर (अक्), भवन्ती (लट्) आदि शब्द प्रयोग गरेका छन्।

### ३.२.३ पतञ्जलि

पतञ्जलिको समय इ.पू. १५० तिर मानिन्छ। यिनले पाणिनिका सूत्रको व्याख्या गरी महाभाष्य ग्रन्थको रचना गरेका छन्। यिनका अन्य ग्रन्थमा पातञ्जल योग सूत्र (योग दर्शन), सामवेदीय निदान-सूत्र, महानन्द काव्य, चरकसंहिताको परिष्कार रहेका छन्। यिनी भारतको गोण्डा क्षेत्रमा जन्मेको अनुमान गरिन्छ। तर यिनको महाभाष्यमा धेरै ठाउँमा कश्मीर शब्दको प्रयोग पाइएकाले कसै-कसैले उनलाई कश्मीर क्षेत्रका भनेको पनि पाइन्छ। यिनका थुप्रै नामहरू गोनर्दीय, गोणिका पुत्र, अहिपति, नागनाथ, फणी आदि प्रचलित छन्।

पतञ्जलिले महाभाष्यमा पाणिनिको मतको मण्डन जहाँ गरेका छन् त्यहाँ कात्यायनको नियमको खण्डन गरेका छन्। महाभाष्यको लक्षण हो-

सूत्रार्थो वर्ण्यते यत्र वाक्यैः सूत्रानुसारिभिः ।
स्वपदानि च वर्ण्यन्ते भाष्यं भाष्यविदो विदुः ॥

'यथोत्तर मुनीनां प्रामाण्यम्' भनेझैं मुनित्रय पाणिनि, कात्यायन र पतञ्जलिमा पाणिनि भन्दा कात्यायन, कात्यायनभन्दा पतञ्जलि प्रामाणिक मानिन्छन्। पतञ्जलीको महाभाष्यमा मुख्यतः तिनवटा उद्देश्य रहेका छन्:

(क) समय परिवर्तनसँगै पाणिनिको सूत्रको व्याख्या गर्नु,
(ख) वार्तिक (कात्यायन) का अनुचित वा अनुपयुक्त कुराको खण्डन गर्नु,
(ग) भाषाको दार्शनिक पक्षको व्याख्या गर्नु।

पतञ्जलिको 'महाभाष्य' का अनेक टीकाहरू लेखिएको पाइन्छ।

## ३.३ पाणिनि उत्तर युग/परवर्ती संस्कृत व्याकरण परम्परा

पाणिनि युगका मुनित्रयको संयुक्त प्रयासबाट संस्कृत व्याकरणले पूर्णता प्राप्त गरेको हो। पाणिनि युगपछिको

परम्परा भनेको यिनै वैयाकरणहरूका ग्रन्थको व्याख्या र टीका लेखनको परम्परा हो । अष्टाध्यायीको टीका ग्रन्थको लेखनमा जयादित्य र वामनको (इसाको सातौं शताब्दी) स्थान महत्त्वपूर्ण छ । यिनीहरूको ग्रन्थ हो-काशिका । यिनीहरूको समय इसाको सातौं शताब्दी मानिन्छ । यस ग्रन्थमा आठ अध्याय छन् । सुरुका पाँच अध्याय जयादित्य र पछिल्ला तिन अध्याय वामनले रचना गरेका छन् । यसमा पाणिनिका सूत्रको अर्थ उदाहरणद्वारा प्रस्ट पारिएको छ भने गणपाठको समेत समावेश गरिएको छ ।

जिनेन्द्र बुद्धि (इसाको आठौं शताब्दी) को काशिका-न्यास वा काशिका विवरण पक्ष पञ्जिका हो । जिनेन्द्र बौद्ध थिए । वार्तिकले सिद्ध गरेका शब्दलाई सूत्रद्वारा सिद्ध गर्ने प्रयास गरेका छन् ।

भर्तृहरि (इसाको नवौं शताब्दी) महाभाष्यका उल्लेख्य टीकाकार छन् । यिनका दुईवटा कृतिहरू छन्- महाभाष्य दीपिका र वाक्यपदीय । महाभाष्य-दीपिका पतञ्जलीको महाभाष्यको व्याख्या हो । यसमा २५ हजार श्लोक रहेका छन् । यिनको व्याकरण दर्शन तथा भाषाशास्त्रको महत्त्वपूर्ण ग्रन्थ वाक्यपदीय हो । यसमा भाषाको दार्शनिक पक्षको विवेचना गरिएको छ । यस ग्रन्थमा तिनवटा खण्ड छन्-

(क) ब्रह्माकाण्ड- यसमा शब्द ब्रह्मको स्थापना गरिएको छ र स्फोट सिद्धान्त तथा वाक्यको भाषाको सार्थक एकाइ विषयक सिद्धान्त प्रतिपादन गरिएको छ ।

(ख) वाक्यकाण्ड- यसमा पद-पदार्थ, वाक्य र वाक्यार्थको विवेचना गरिएको छ ।

(ग) पदकाव्य - यसमा व्याकरणसूग सम्बन्धित विषयको दार्शनिक विवेचना गरिएको छ । यसमा लिङ्ग, काल, वचन, समास, कारक आदिको व्याख्या गरिएको छ ।

कैयट (एघारौं शताब्दी) ले महाभाष्यको टीका लेखेका छन् । उनको टीका हो प्रदीप । यसमा महाभाष्यका कठिन कुराहरूलाई विद्वतापूर्ण ढङ्गबाट स्पष्ट पारिएको छ ।

विभिन्न ग्रन्थहरूको टीका ग्रन्थ लेख्ने परम्परापछि कौमुदी ग्रन्थ लेख्ने परम्परा सुरु भएको पाइन्छ । भट्टोजिदीक्षित (१७ औं शताब्दी) कौमुदी- परम्पराका जन्मदाता हुन् । यिनले सिद्धान्त-कौमुदीको रचना गरेका छन् । पाणिनिको अष्टाध्यायीको महेश्वर सूत्र (१४ सूत्र) लाई उनले १४ प्रकरणमा विभाजित गरेका छन्- ती हुन्- संज्ञा, परिभाषा, सन्धि, सुबन्त, अव्यय, स्त्रीप्रत्यय, कारक, समास, तद्धित, तिङन्त, प्रक्रिया, कृदन्त, वैदिक र स्वर प्रकरण । भट्टोजिदीक्षितका तिनवटा प्रमुख ग्रन्थहरू रहेका छन्- शब्दकौस्तुभ, सिद्धान्त कौमुदी, प्रौढ मनोरमा । शब्द कौस्तुभ अष्टाध्यायीका सूत्रको टीका हो भने प्रौढ मनोरमा सिद्धान्त कौमुदीको व्याख्या हो ।

वरदराज (१८ औं शताब्दी) भट्टोजिदीक्षितका शिष्य थिए । यिनले सिद्धान्त कौमुदीका दुईवटा सङ्क्षिप्त ग्रन्थ लेखेका छन्, तिन हुन्- मध्य कौमुदी तथा लघु कौमुदी । यी बाहेक वरदराजको गीर्वाण पदमञ्जरी तथा सारसिद्धान्त कौमुदी दुईवटा ग्रन्थ रहेका छन् । संस्कृत आधुनिक पठनपाठन यिनै व्याकरण ग्रन्थहरूमा आधारित रही आएको छ ।

## ४. निष्कर्ष

संस्कृत व्याकरण परम्पराबाट अनुप्राणित भई थुप्रै व्याकरण ग्रन्थहरू रचना गरिएका छन् । पूर्वीय विद्वान्हरूले यिनै परम्परागत व्याकरण ग्रन्थका आधारमा थुप्रै व्याकरणका ग्रन्थहरूको निर्माण गरेका छन् र यिनै ग्रन्थहरू पठनपाठनमा समेत उपयोग गर्न थालिए । पश्चिमी विद्वान्हरू भारत वर्षमा आई संस्कृत भाषा तथा नेपाली र भारतीय भाषाको अध्ययनमा केन्द्रित भएर भाषा सिक्नेहरूका लागि पाठ्यपुस्तकहरू तयार गरेका छन् । नेपाली भाषामा परम्परागत व्याकरणकै ढाँचामा वीरेन्द्रकेशरी अर्याल, जयपृथ्वीबहादुर सिंह, विश्वमणि

आचार्य दीक्षित, हेमराज पण्डित, सोमनाथ शर्माजस्ता विद्वान्हरूबाट व्याकरण ग्रन्थको निर्माण गरिएका छन्। त्यस्तै गरी जे.एन. एटन र टर्न बुलले पनि नेपाली भाषाका व्याकरण ग्रन्थहरू लेखेका छन्। नेपालको शिक्षा प्रणालीमा अहिलेसम्म पनि परम्परागत व्याकरणकै प्रभुत्व रहेको देखिन्छ।

❖

सन्दर्भ सामग्री


घिमिरे, वासुदेव (२०६४). ऐतिहासिक भाषाविज्ञान. काठमाडौं : अस्मिता पब्लिकेसन ।

तिमिल्सिना, मोहनप्रसाद (२०६७). भाषिक कालको विश्लेषण. काठमाडौं : रीता तिमिल्सिना।

तिवारी, भोलानाथ (सन् १९९३). आधुनिक भाषाविज्ञान. दिल्ली : लिपि प्रकाशन।

..., .... (सन् २००४). भाषाविज्ञान. इलाहावाद : किताब महल।

द्विवेदी, कपिलदेव (सन् २००६). भाषाविज्ञान एवं भाषाशास्त्र. वाराणसी : विश्वविद्यालय प्रकाशन।

न्यौपाने, टङ्कप्रसाद (२०५१). भाषाविज्ञानको रूपरेखा. धरान : नेपाल बुक डिपो।

बन्धु, चूडामणि (२०५०). भाषाविज्ञान. ललितपुर : साझा प्रकाशन।

..., ... (२०५७). भाषाविज्ञानका सम्प्रदाय. दो.सं.. काठमाडौं : एकता प्रकाशन।

शर्मा, देवेन्द्रनाथ र दीप्ति शर्मा (सन् २००५). भाषाविज्ञानकी भूमिका. दिल्ली : राधाकृष्ण प्रकाशन।